**श्री निर्वाचन आयोगमा चढाएको**
**निवेदन पत्र**

**विषय : राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४३ तथा ४४ अन्तर्गत विवादको निरुपण गरी पाऊँ ।**

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) धुम्बाराही, पेरिसडाँडा, काठमाडौं स्थित राजनीतिक दलको अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' ......................१

नेपाल कम्युनिष्ट पार्टी (ने क पा) धुम्बाराही, पेरिसडाँडा काठमाडौं स्थित, राजनीतिक दलका अध्यक्ष माधव कुमार नेपाल ........................१ पक्ष

निवेदकहरु

विरुद्ध

भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. घर भै हाल प्रधानमन्त्री निवास बालुवाटार काठमाडौ बस्ने नेपाल कम्युनिष्ट पार्टी (ने क पा)का तत्कालिन अध्यक्ष तथा

प्रधानमन्त्री के.पी. शर्मा ओली ................................................१ विपक्षी

मुद्दा : **दलको पदाधिकारी तथा निर्णयको आधिकारिकता सम्बन्धी दाबी ।**

हामी निवेदकहरु नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्षहरु हौं । यस दलको मिति २०७७।०९।०७ मा शुरु भै ऐ मिति २०७७।०९।९ गते काठमाडौंमा सम्पन्न केन्द्रीय कमिटीको तेश्रो वैठकले गरेको निर्णय अनुसार यस दलको तत्कालिन अध्यक्ष के.पी. शर्मा ओलीलाई यस दलको अन्तरिम विधान २०७५ वमोजिम अनुशासन

उलङ्घन गरेको कसुरमा कारवाही भै निजलाई अध्यक्ष पदबाट निश्कासन गरी, सो रिक्त पदमा बरिष्ठ नेता माधव कुमार नेपाललाई चयन गरी पार्टीको उक्त निर्णय बमोजिम अध्यक्ष पदको पदाधिकारी फेरबदल भएकोले सो व्यहोरा त्यस आयोगमा रहेको यस दलको दर्ता किताबमा अभिलेखिकरण गरी फेरबदल गरिपाऊँ भनी यस दलले राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५१ तथा राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २५ अन्तर्गत त्यस आयोगलाई जानकारी गराएकोमा यस दलको माग बमोजिम प.सं २०७७।७८ च.नं ५७ को सुधार सहितको जानकारी पठाउनु भन्ने पत्रको जवाफ मिति २०७७।०९।२९ च.नं. ०२४ मा जवाफ प्रस्तुत गरेकोमा त्यस आयोगको प.सं २०७७।७८ च.नं ६८ मितिको २०७७।१०।१२ को पत्रबाट यस राजनैतिक दल नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को माग बमोजिम "पदाधिकारीको विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन सक्ने देखिएन, राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २५ को उपनियम ६ वमोजिम सो दलको साविकको विवरण नै कायम रहेको जानकारी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष के.पी. शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई दिने" भन्ने पत्र मिति २०७७।१०।१३ मा प्राप्त भएको हुँदा आयोगको उक्त पत्रबाट प्रारम्भ भएको विवादको निरुपण गर्न दाबी प्रस्तुत गर्नु पर्ने अवस्था श्रृजना भएकोले उक्त पत्र प्राप्त भएको मिति २०७७।१०।१३ ले राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ द्वारा निर्दिष्ट ३० दिन भित्रै नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ४३, ४४, ४५, ५१ तथा राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २३, २५ अन्तर्गत निम्न लिखित प्रकरणहरुमा त्यस आयोगमा यस दलले विवरण दाबी जिकिर सहितको यो निवेदन प्रस्तुत गरेको छौ । हामीहरुको निम्न लिखित तथ्य एवम् कानूनी बुँदा र सवुद प्रमाणको आधारमा केन्द्रीय कमिटी सदस्यको हस्ताक्षर सहित अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र अध्यक्ष माधवकुमार नेपाल, अध्यक्ष द्वयले नेतृत्व गरी आएको नेपाल कम्युनिष्ट पार्टी (ने क पा)लाई आधिकारिक पार्टी घोषित गरी पाऊँ ।

(१) सर्बप्रथम निम्न आधारभूत तथ्यहरू प्रति आयोगको ध्यानाकर्षण हुनुपर्ने आवश्यकता रहेको निवेदन गर्दछौं ।

(क) नेपाल कम्युनिस्ट पार्टी (ने क पा) नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का बीचमा राष्ट्रिय आवश्यकता, विचारधारात्मक तथा सैद्धान्तिक सहमति एवम् वामपन्थी राजनीतिको एकीकरण होस् भन्ने जनचाहना तथा पार्टीका समग्र सदस्यहरूको आकांक्षा

बमोजिम मिति २०७५ साल जेठ ०३ गते एकता सम्पन्न भई बनेको नेपालको संविधान प्रति आस्थावान राष्ट्रकै सबैभन्दा ठूलो पार्टी हो ।

(ख) उपरोक्त २ पार्टीहरूको एकता हुँदा सम्पन्न भएको दुई पार्टीबीचको सम्झौतापत्रमा निम्न बमोजिम सहमति भएको व्यहोरा अनुरोध गर्दछौं :

(ग) उपरोक्त बमोजिम सहमति भई मिति २०७५।०२।०३ मा सम्झौता सम्पन्न भएपछि राष्ट्रिय सभागृहमा मिति २०७५।०२।३ मा पार्टी एकता घोषणाको नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को केन्द्रीय कमिटीको संयुक्त बैठक बसी सो बैठकबाट ४४१ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरिएको र सो केन्द्रीय कमिटीबाट के.पी. शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' दुवैलाई अध्यक्ष निर्वाचित गरियो । उपरोक्त घोषणापछि एकीकृत पार्टी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को दर्ताका लागि आवश्यक सम्पूर्ण विवरण राखि आवेदन गरिएकोमा मिति २०७५।०२।२३ का दिन यस निर्वाचन आयोगको निर्णय अनुसार 'दल दर्ता' भई दर्ता नम्बर १४५ मा अभिलेखिकरण भएको कुरा यस आयोगले मिति २०७७।१०।१२ का दिन श्री के.पी. शर्मा ओली र श्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई सम्बोधन गरी लेखेको निर्णयमा पनि उल्लेख गरिसकेको हुँदा र नेपाल कम्युनिस्ट पार्टी (ने क पा) विधिवत दर्ता रहेको एकीकृत पार्टी हो भन्ने कुरामा कुनै विवाद छैन । तत्सम्बन्धमा यस आयोगसँग रहेका विवरणबाट जानकारी हुने नै हुँदा पुनरावृत्ति गरिरहनु परेन । मिति २०७७।०२।०३ मा बसेको केन्द्रीय कमिटीको संयुक्त बैठकले अन्तरिम विधान २०७५ पारित गरी निर्वाचन आयोगमा अभिलेखिकरण समेत गराइएको थियो, जसलाई निर्वाचन आयोगले पनि स्पष्ट पारिसकेको छ । अन्तरिम विधान २०७५ पारित भएको क्षणदेखि सो विधान र विधान अन्तरगतका निर्णयहरु नै पार्टी सञ्चालनको आधार रहेको र रहने तथ्य स्पष्ट छ ।

(घ) मिति २०७५।०२।०३ मा भएको पार्टी एकतामा सामेल तात्कालिन दुई पार्टीहरुको बीचमा भएको सहमति अनुसार नै दुवै पार्टी विलय भई नेपाल कम्युनिष्ट पार्टी (ने क पा) निर्माण भएको थियो र दुवै अध्यक्षले सरकारको पालैपालो नेतृत्व गर्ने सहमति भएको थियो । प्रधानमन्त्रीमा नियुक्त अध्यक्ष के.पी. शर्मा ओलीले सरकार गठन भई सञ्चालन गर्न थालेपछि पार्टीको अन्तरिम विधान २०७५, राजनीतिक प्रतिवेदन घोषणापत्र, सहमति र

पार्टीको मार्गनिर्देशन अनुसार संविधान सम्मत ढंगले सरकार सञ्चालन गर्ने मान्यता विपरित स्वेच्छाचारी ढङ्गबाट सरकार सञ्चालन गर्न थाल्नुभयो । मूलतः उहाँमा पार्टीले ग्रहण गरेको राजनीतिक विचारधारा, पार्टीको अन्तरिम विधान, नियमावली तथा एकताका सम्बन्धमा भएका सम्झौता तथा सहमतिका विरुद्ध निम्न अनुशासनहीन, गैरजिम्मेवारी र गैर राजनीतिक प्रवृत्तिहरू देखाउन थाल्नुभयो ।

(१) पार्टीको केन्द्रीय कमिटी, स्थाई कमिटी, सचिवालय, तथा संसदीय दललाई बेवास्ता गरी सरकारलाई आफु खुशी स्वेच्छाचारी ढंगले सञ्चालन गर्न थाल्नुभयो । सरकार प्रधानमन्त्री निवास बालुवाटारमा सीमित हुन पुग्यो ।

(२) सरकारका वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तर्जुमा गर्दा पार्टीका आधिकारिक निकायमा छलफल गर्नु भएन । पार्टीको अनुशासनलाई लोकतान्त्रिक विधिलाई बेवास्ता गरी पार्टी केन्द्रीय कमिटी र संसदीय दललाई समेत बेवास्ता गर्नुभयो ।

(३) पार्टी कमिटीका बैठकहरु आयोजना गर्न इन्कार गर्ने, बैठकमा उपस्थित नहुने र जसोतसो बैठकमा उपस्थित भइहालेमा पनि बैठकलाई असहयोग गर्ने र पार्टी कमिटीलाई क्रियाशील हुन नदिने जस्ता कार्य गर्नुभयो ।

(४) पार्टी बैठकमा दम्भ र निरंकुश प्रवृत्ति प्रकट गर्नुभयो ।

(५) कोभिड-१९ महामारीका सन्दर्भमा नागरिक सुरक्षा प्रत्याभूति गर्न पार्टीका तर्फबाट दिएका सुझावलाई लत्याउँदै आम जनतामा पार्टीप्रति वितृष्णा र निराशा उत्पन्न गर्ने अवस्था सिर्जना गर्नुभयो ।

(६) उपरोक्त लगायत अन्य थुप्रै पार्टी विरोधी अराजक र स्वेच्छाचारी शैली अबलम्वन गर्दै अनुशासनहीन गतिविधि गर्ने क्रममा उहाँले मिति २०७७।०१।०८ मा संवैधानिक परिषद सम्बन्धी ऐन र र राजनीतिक दल सम्बन्धी ऐन २०७३ का विरुद्ध अध्यादेश जारी गरी पार्टी फुटाउने प्रयास गर्नुभयो र मिति २०७७।०८।३० मा संवैधानिक परिषदमा विवादास्पद नियुक्ति गर्ने दुषित मनसाय सहित अध्यादेश जारी गर्ने र पार्टीलाई पुर्ण बेवास्ता गर्दै एकलौटी विधान विपरित र संविधानको मूल भावना विपरित कार्य गर्नुभयो ।

(७) उपरोक्त विविध गैर संवैधानिक, गैर कानूनी, विधान विपरित तथा पार्टी एकताको मर्म विपरीत कार्य गर्दा समेत पार्टी सचिवालय तथा स्थायी कमिटीको बैठक बसी समस्याहरु समाधान गर्ने तथा सरकारलाई निरन्तर सञ्चालन गर्ने कार्यमा पार्टीबाट वहाँलाई निरन्तर सल्लाह दिने, सहयोग गर्ने कार्य गर्दै आलोपालो गरी सरकार संचालन गर्ने सहमतिलाई पनि छोडी पाँच वर्ष पूरै कार्यकाल सरकार सञ्चालन गर्न दिने निर्णय गरियो । उहाँलाई संसदीय दलको नेताबाट हटाउन वा पार्टीको अध्यक्ष बाट हटाउन नसकिने अवस्था थिएन । तर सरकारको स्थायित्व तथा पार्टी एकतालाई कायम राख्नुपर्ने जिम्मेवारीलाई बोध गरी त्यस्तो कदम चालिएन । तर पार्टीको यस सदासयतालाई उहाँले कमजोरी मात्र ठान्नु भएन, बरु पार्टीलाई ध्वस्त पार्ने रणनीति र षडयन्त्र गर्न थाल्नुभयो ।

(८) पार्टीसँग कुनै परामर्श नगरी अप्रत्याशित रुपमा पार्टी अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री के.पी. शर्मा ओलीले मिति २०७७।०९।०५ गतेका दिन संविधानमा हुँदै नभएको व्यवस्था र अधिकार प्रयोग गर्दै, प्रतिनिधिसभा विघटन गरी प्रतिगामी कदम चालेर संविधान र लोकतन्त्रको हत्या गर्न उद्दत हुनुभयो र पार्टीलाई नै ध्वस्त पार्ने गैर लोकतान्त्रिक एवम् अराजक प्रवृत्ति प्रकट गर्नुभयो । यो कार्य घोर अनुशासनहीन, अलोकतान्त्रिक एवम् पार्टी विरोधी स्वेच्छाचारी कार्य हो । मिति २०७७।०९।०६ को स्थायी कमिटीको बैठकबाट नीजलाई अध्यक्ष पदबाट हटाउने सिफारिश कन्द्रीय कमिटीमा प्रस्तुत गरेको र पार्टीको मिति २०७७।०९।०७ मा बसेको केन्द्रीय कमिटीको बैठकबाट निजलाई पार्टी अध्यक्षबाट हटाउने निर्णय र मिति २०७७।१०।०२ को स्थायी कमिटीको बैठकबाट नीजलाई पार्टीको साधारण सदस्यबाट पनि किन नहटाउने भनी स्पष्टीकरण सोधिएको थियो । तत्पश्चात् नीज के.पी. शर्मा ओलीले स्पष्टीकरण नदिई अटेर गरेकोले कन्द्रीय कमिटीको चौथो बैठकले अन्तरिम विधान २०७५ को धारा ६४ को देहाय ४ को माग बमोजिम बसेको केन्द्रीय कमिटीको चौथो बैठकले नीजलाई पार्टीको सदस्य समेतबाट हटाइसकेको समेत जानकारी गराउँछौं ।

(२) केन्द्रीय कमिटीको चौथो बैठकका निर्णयहरु बाहेकका माथिका विवरणहरु लगायतका पार्टीको स्थायी कमिटीको निर्णय आयोगलाई मिति २०७७।०९।०६ मा बुझाइ

सकिएको छ । सो पत्र आयोगको दर्ता नं. ५३८ मा दर्ता रहेको छ । सोको व्यहोरा सो पत्र बाटै जानकारी लिनका लागि अनुरोध गर्दछौं ।

(३) मिति २०७७।०९।०८ मा द.न.५५५ द्वारा केन्द्रीय कमिटीका निर्णयहरु पनि आयोगलाई जानकारी गराइ सकिएको छ । यस पत्रबाट पार्टीको अध्यक्ष पदबाट के.पी. शर्मा ओलीलाई हटाई, वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्ष पदमा निर्वाचित गरिएको र अब उपरान्त पार्टीको निर्णय-पुस्तिका लगायतका कागजातहरूको प्रमाणीकरण अध्यक्षद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपाल बाट हुने जानकारी गराउँदै, आयोगमा रहेको दल दर्ता किताबमा कायम रहेको "अध्यक्ष के.पी. शर्मा ओलीको नाम हटाई अध्यक्ष माधवकुमार नेपालको नाम कायम गरी अध्यावधिक गर्न र सोही बमोजिम अभिलेखिकरण गरीदिन लेखी पठाएको" व्यहोरा पनि आयोगलाई अवगत नै छ ।

(४) उपरोक्त बमोजिमको प्रक्रियामा आयोगमा पटकपटक भएका छलफल, दिइएको थप जानकारी, विवरणहरु तथा व्यहोरा समेत का आधारमा मिति २०७७।०९।०७ को केन्द्रीय कमिटीको निर्णय बमोजिम पार्टीको तर्फबाट अभिलेखिकरणका लागि अनुरोध गरी पठाइएपछि आयोगले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१(२) बमोजिम तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गरी नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हका हकमा त्यसको अभिलेख राखी एवम् हेरफेर भएका पदाधिकारीको हकमा समेत अध्यावधिक अभिलेख राख्नुपर्ने बाध्यात्मक व्यवस्थालाई ध्यान नदिई "राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५१, राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २५, ऐजन नियमावलीको अनुसूची १८ बमोजिम दुवै अध्यक्षबाट उल्लेखित कानुनी व्यवस्थाको विधि तथा प्रक्रिया पुऱ्याई विवरण परिवर्तन, संशोधन वा हेरफेरका लागि लेखी आएको नदेखिएको" भन्ने उल्लेख गर्दै, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को एकता सम्झौतापत्र, नेपाल कम्युनिस्ट पार्टी (ने क पा) को अन्तरिम विधान, राजनीतिक दलसम्बन्धी ऐन २०७३, ऐ को नियमावली २०७४ र नेपालको संबिधान समेतका प्रतिकूल हुने गरी निर्वाचन आयोगले केन्द्रीय कमिटीको बहुमतको निर्णयलाई स्वीकार गर्न इन्कार गर्दै पार्टीका तर्फबाट माग बमोजिमको पदाधिकारीको हेरफेर र अन्य विवरण अभिलेखिकरण गरी दिनुपर्ने कानूनी दायित्व निर्वाचन आयोगको हो । तर साविकको विवरण नै कायम रहेको जानकारी मिति २०७७।१०।१२ को पत्रबाट गराएको छ, जुन संवैधान, कानून र पार्टीको विधान विपरित भएको निम्न प्रकरणबाट पुष्टि हुन्छ:

(क) संविधानको धारा २६९ को उपधारा (३) ले "दल दर्ता गराउने प्रयोजनका लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र घोषणापत्रका अतिरिक्त संघीय कानुनबमोजिम अन्य कागजात पेश गर्नुपर्नेछ" भनि स्पष्ट शब्दमा निर्देश गरेको छ । धारा २६९को उपधारा (३) ले 'विधान र घोषणापत्र' लाई सबैभन्दा आधारभूत दस्तावेज का रुपमा प्रस्तुत गरेको कुरा स्पष्ट छ । तर निर्वाचन आयोगले मिति २०७७।१०।१२ को पत्रबाट जानकारी गराएका निम्न निर्णयहरु गर्दा लिईएका आधारहरु संविधानको धारा २६९ को उपधारा (३) बाट संवैधानिकता प्राप्त विधानलाई उपेक्षा एवम् इन्कार गरेको देखिन्छः

(१ "दुई पार्टी एकीकरण पश्चात बनेको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को पहिलो बैठक के.पी. शर्मा ओलीको अध्यक्षतामा बसेको देखिएको र त्यसपछिका सबै बैठकमा दुई अध्यक्ष मध्ये के.पी. शर्मा ओलीको नाम पहिलो नम्बरमा र पुष्पकमल दाहाल प्रचण्डको नाम दोस्रो नम्बरमा लेख्ने गरेको समेत पेश गरेका कागजबाट देखिन्छ ।"

(२) "२०७६ सालमा भएको प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको उपनिर्वाचन र २०७६।१०।०९ गते भएको राष्ट्रिय सभा सदस्यको निर्वाचनमा पार्टीको प्रमुख पदाधिकारीको हैसियतमा के.पी. शर्मा ओलीले उमेद्वारको औपचारिक मनोनयन पत्रमा हस्ताक्षर गरेको पत्र आयोगमा पेश गरेको देखिएको" र

(३) "मिति २०७७।०९।०५ गते प्रतिनिधिसभा विघटन नहुँदासम्म पार्टीमा कुनै फरक मत उत्पन्न भई सोको जानकारी आयोगमा कुनै पक्षले गराएको समेत छैन ।"

(ख) आयोगले निर्वाचनका लागि ग्रहण गरेका उपरोक्त आधारहरुले संविधानको धारा १७(१) को खण्ड (ग) अन्तर्गत नेपाल कम्युनिस्ट पार्टी (ने क पा) का सदस्यहरुले नेपाली नागरिकका हैसियतले प्राप्त गरेको "राजनीतिक दल खोल्न पाउने" मौलिक हकलाई समाप्त गर्दै, नेपाल कम्युनिष्ट पार्टी (ने क पा)लाई "एकजना अध्यक्षको नीजी स्वार्थमा चल्ने निकाय वनाउन मिल्दैन । उल्लेखित तीनवटा आधारले संविधानको धारा २६९(३) मा उल्लेखित संवैधानिक हैसियत प्राप्त 'विधान' द्वारा राजनीतिक दल सञ्चालन हुनुपर्ने व्यवस्थालाई उपेक्षा गरेको प्रष्ट देखीन्छ । अतः उपरोक्त आधारमा नेपाल कम्युनिस्ट पार्टी (ने क पा) को स्थाई कमिटीको निर्णय बमोजिम मिति २०७७।०९।०५ मा के.पी. शर्मा

ओलीले विधानको धारा ६१ को (क) विपरित काम गरेकोले अनुशासनको कारवाहीका लागि केन्द्रीय कमिटीमा प्रस्ताव लाने निर्णय भै २०७७।०९।०७ को केन्द्रीय कमिटीको बैठकबाट नीजलाई अध्यक्षबाट हटाई मिति २०७७।०९।०८ को पत्रबाट के.पी. शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाइएको, वरिष्ठ नेता माधवकुमार नेपाललाई अध्यक्ष पदमा निर्वाचित गरिएको पार्टीको निर्णय पुस्तिका लगायतका कागजातहरुमा प्रमाणिकरण अध्यक्षद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपालबाट हुने, र दल दर्ता किताबमा कायम रहेको अध्यक्ष के.पी. शर्मा ओलीको नाम हटाई अध्यक्ष माधवकुमार नेपालको नाम कायम गरी आध्यावधिक तथा अभिलेखिकरण गर्न अनुरोध गरिएकोमा पार्टी एकता हुँदा पेश गरेको केन्द्रीय कमिटीको सदस्य संख्या ४४१ रहेको निर्वाचन आयोगको मिति २०७७।१०।१२ को पत्रमा प्रष्ट उल्लेख गरिएको अवस्थामा सो केन्द्रीय कमिटीको अत्याधिक सदस्यको उपस्थीतिमा सम्पन्न भएको केन्द्रीय कमिटीको तेश्रो वैठकको निर्णयले के.पी शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाएको विवरण अनुसार पदाधिकारी परिवर्तन भएको व्यहोरा आयोगमा रहेको दर्ता कितावमा फेरवदल गर्न मिलेन विवाद पूर्वकै विवरण कायम रहेको भनी आयोग निष्कर्शमा पुग्न विलकुल मिल्दैन । नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रीय कमिटीको संख्या ४४१ नै भएको भनी स्वीकार्ने र सोही केन्द्रीय कमिटीको निर्णय बमोजिमको विवरण फेरबदल गर्न नमिल्ने भन्ने त्यस आयोगको पत्रको व्यहोरा राजनीतिक दल सम्बन्धी ऐन २०७३ को प्रावधान र लोकतान्त्रिक मुल्य मान्यता विपरित भएको प्रष्ट छ । पार्टी विधानको धारा ६५ को व्यवस्था र संसारकै विधि विधानमा प्रचलनमा रहेको वहुमतको निर्णय कुनै पनि संस्थाको निर्णय हुन्छ भन्ने लोकतान्त्रिक मुल्य मान्यता रहेको प्रष्ट देखिन्छ । सो बमोजिम गर्न इन्कार गर्ने आयोगको कार्यले पार्टीको विधान र सो विधान बमोजिम केन्द्रीय कमिटीले गरेको निर्णय विपरित तथा नेपालको संविधानको धारा २६९(३) र धारा १७ (१) को (ग) प्रतिकुल भएको छ ।

(ग) आयोगको मिति २०७७।१०।१२ को पत्रमा अनेक अप्रासंगिक व्यहोरा उल्लेख गर्दै अन्तमा "राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम २५ को उपनियम (६) बमोजिम सो दलको साविकको विवरण नै कायम रहेको जानकारी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष के.पी. शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई दिने भनि निर्णय गर्दै, नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अर्का अध्यक्ष

माधवकुमार नेपालको हस्ताक्षर बाट मिति २०७७।९।८ मा आयोगमा पठाई त्यहाँको द.नं. ५५५ मा दर्ता भएको पत्र एवम् मिति २०७७।९।१० मा द.नं. ५६३ मा दर्ता भएका पत्रहरुबाट अभिलेखिकरणका लागि पठाइएको केन्द्रीय कमिटीको निर्णय बमोजिमको जानकारी पत्रलाई इन्कार गर्न मिल्दैन । यस निर्णयले संविधानको धारा २६९, २७० र २७१ राजनीतिक दल सम्बन्धी ऐन २०७३ र नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान २०७५ का व्यवस्थाहरुलाई पूर्ण बेवास्ता गरेको देखिन्छ । त्यसबाट निम्न दुईवटा गैर लोकतान्त्रिक प्रचलनहरु स्थापित गर्ने प्रयत्न गरेको छ भन्नुपर्ने अवस्था रहेको छ :

(१) पार्टीका आन्तरिक बैठक, प्रक्रिया तथा व्यवहारहरुको खोजीनीति गरी तिनीहरुको वैधताका सम्बन्धमा अनाधिकृत हस्तक्षेप र निर्णय गर्ने ।

(२) विधानलाई वेवास्ता गरी पार्टीको संचालन गर्ने सम्बन्धमा हस्तक्षेपपुर्ण निर्देशन गर्ने ।

(घ) निर्वाचन आयोगलाई पार्टीका आन्तरिक प्रक्रियाका बारेमा प्रवेश गरी निर्देशन, दिने, उनीहरुले कसरी चल्नुपर्छ भनी आदेश दिने, उनीहरुलाई एकीकृत गर्ने वा विभाजन गर्ने भनि निर्देश गर्न खोज्ने र उनीहरुका पदाधिकारीको हैसियत निर्धारण गरिदिने, को प्रथम र को द्वितीय हो भनी घोषणा गर्ने र कसलाई दलले अध्यक्ष मान्नुपर्ने वा कसलाई मान्नु नपर्ने भनी सल्लाह, परामर्श वा राय र आदेश दिने अधिकार कुनै निकायलाई रहेको छैन ।

(ङ) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले दलका सम्बन्धमा निर्वाचन आयोगलाई निम्न अधिकारहरु मात्र दिएको छ :

(१) दफा ४ को उपदफा (१), (२), (३), (४) र (५) का अधिनमा रही दल दर्ता गरी दर्ता भएपछि दल दर्ता भएको सूचना राजपत्रमा प्रकाशित गर्ने ।

(२) दफा ४ बमोजिम दल दर्ता गर्दा, उपदफा (१) को व्यवस्था बमोजिम दलको विधान, घोषणापत्र, झण्डा, चिह्नको नमुना लगायत खण्ड (घ), (ङ), (च) र ( छ) का विवरणहरु वा प्रमाणहरु समावेश भएको निवेदन ग्रहण गर्ने ।

(३) दर्ता भइसकेका दलहरुको मान्यताको प्रश्न खडा हुन सक्तछ । यस्तो अवस्थामा दफा ४३ ले निर्वाचन आयोगलाई विवाद निरुपण गर्ने अधिकार दिएको छ । तर यस्तो अधिकार असीमित वा व्यापक छैन । दफा ४३ को खण्ड (क) बमोजिम दलको नाम, खण्ड (ख) बमोजिम दलको छाप,

विधान, झण्डा वा चिह्न र खण्ड (ग) बमोजिम दलका पदाधिकारी, केन्द्रीय कमिटी वा केन्द्रीय कमिटीको निर्णयको आधिकारिकताका सम्बन्धमा मात्र विवाद निरुपण गर्न आयोगले सक्तछ । यसअर्थमा आयोगले निर्णय गर्दा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को आन्तरिक अभिलेख हेरी पदाधिकारीको बरियता तोक्ने, केन्द्रीय कमिटीको निर्णयलाई प्राविधिक कुरा अगाडि सारी कार्यान्वयन गर्ने र कुनै अध्यक्ष वा पदाधिकारीको पत्राचारका आधारमा विधानको व्याख्या गरी राजनीतिक दलको आन्तरिक प्रक्रियालाई निर्देश गर्ने अधिकार दफा ४३ ले आयोगलाई दिएको देखिंदैन ।

(च) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ ले विवाद निरुपणको कार्यविधि स्पष्ट ढंगले तोकेको छ । जसअनुसार आयोगले मूलत: निम्न दुई ढंगबाट विवादको निरोपण गर्न सक्तछ :

(१) उपदफा (४) अनुसार "लिखित जवाफ पेश भएपछि र लिखित जवाफ पेश नभएकोमा लिखित जवाफ पेश गर्नुपर्ने अवधि समाप्त भएपछि" आयोगले विवादका सम्बन्धित पक्षहरुलाई आपसी सहमति बमोजिम विवाद निरोपण गर्ने प्रयोजनका लीगि आयोगमा उपस्थिति गराउने अख्तियार प्राप्त गरेको छ।

(२) उपदफा (५) ले उपदफा (४) को प्रक्रिया अवलम्बन गरी विवाद निरुपण गर्न सक्तछ।

(३) उपदफा (४) र (५) क्रियान्वयन हुन सकेन भने, आयोगले उपदफा (६) बमोजिम दावी, लिखित जवाफ र प्रमाण सहितका आधारमा निर्णय गरी "मान्यताको प्रश्न' निरुपण गर्ने अख्तियार प्राप्त गरेको छ। यस्तो निर्णयमा पुग्न उपदफा (६) ले आयोगलाई बाध्यात्मक कार्यविधि अवलम्बन गर्न तोकेको छ, र आयोगले यस कार्यविधिलाई अन्य कुनै कारणले हेरफेर गर्न सक्तैन ।

(४) दफा ४४ को उपदफा (१) बमोजिम "दाबी पेश गर्नु अघि त्यस्तो दलको तर्फबाट आयोगमा पेश भएको केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यको बहुमत जसले प्राप्त गरेको छ" त्यसलाई विवाद उत्पन्न हुनु अगाडिको दलको मान्यता दिनुपर्ने व्यवस्था तोकेको छ । अत: आयोगले केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यको बहुमत बाहेक अन्य अप्रासंगिक कुराको

साहारा लिनु दलको स्वतन्त्रता माथि हस्तक्षेप हुन जान्छ । अतः २०७७।०९।१२ को आयोगको निर्णय बैधानिक, स्वच्छ र औचित्यपुर्ण छैन ।

(छ) नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान २०७५ ले धारा १८ को खण्ड (घ) को (३) मा "केन्द्रीय कमिटी ४४१ सदस्यीय र स्थाई कमिटी ४५ सदस्यीय रहने छ भनी उल्लेख गरेको छ । यस केन्द्रीय क्रमिटीलाई धारा १८ को खण्ड (ग) को (१) बाट आफुमध्येबाट पोलिट्ब्यूरो र स्थाई कमिटी निर्वाचन गर्ने, (२) आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति निर्माण गर्ने, र पार्टीका नीति निर्णयहरुको कार्यान्वयन गर्ने गराउने, (३) केन्द्रीय पार्टी स्कुल सञ्चालन गर्ने (४) पार्टीका दस्ताबेजहरु, केन्द्रीय मुखपत्र र अन्य सामग्रीको सम्पादन तथा प्रकाशन गर्ने जस्ता आधारभूत अधिकार लगायत अन्य अधिकारहरु प्रदान गरेको छ । त्यसमध्ये धारा १८ (ग) को (१२) मा पार्टी एकता, हित र सुरक्षामा खलल पार्ने मातहतका कमिटीका निर्णय बदर गर्ने जस्ता कार्यहरु पनि समावेश रहेका छन् ।

(ज) विधानको धारा १८ को (क) मा "केन्द्रीय कमिटी दुई महाधिवेशनका बीचमा पार्टीको सर्वोच्च निकाय हुने छ भनी तोकिएको छ । अतः केन्द्रीय कमिटी नै सर्वोच्च प्राधिकार वा सर्वोच्च निकाय हो भन्ने कुरामा कुनै विवाद छैन । विधानको धारा ६० ले संगठनात्मक सिद्धान्त र पद्धतिका बारेमा उल्लेख गरेको छ, जस अनुसार,

(१) धारा ६० को खण्ड (क)को (१) ले "पार्टीको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता (स्वतन्त्रता र अनुशासन) को सिद्धान्त हो" भनिएको छ । यसमा के स्पष्ट भनिएको छ भने, "पार्टीको संगठनात्मक जीवनमा व्यक्ति कमिटीको मातहतमा, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत र सबै सदस्यहरु तथा कमिटीहरु केन्द्रीय कमिटीको मातहतमा" रहनुपर्ने छ भनी तोकेको छ ।

(२) माथि प्रकरण "क" मा उल्लिखित विधानको धारा ६० (क) को (१) बमोजिम पार्टीका दुवै अध्यक्ष, लगायत सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा महासचिव केन्द्रीय कमिटीका मातहतमा रहन्छन्, अतः आयोगले विधानको यो व्यवस्थालाई ख्यालै नगरी बेवास्ता गरी 'अध्यक्ष के.पी. शर्मा ओलीलाई पार्टीका प्राधिकारका रुपमा प्रस्तुत गर्ने कार्यले, नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को विधान र सो विधानले तोकेको केन्द्रीय कमिटीको सर्वोच्चतालाई प्रभावहीन बनाएको छ । उक्त धारा

६० (क) को (१) मा "अल्पमत बहुमत" को मातहतमा रहनुपर्ने कुरा तोकिएको छ र यो विधान निर्वाचन आयोगमा अभिलेखकृत रहेको छ। आयोगले यस व्यवस्थालाई मान्न इन्कार गर्न सक्तैन।

(३) विधानको धारा ६० (क) को (२) मा "कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको, सदस्यले कमिटीको निर्णय र विचार प्रति आफ्नो कमिटीमा मौखिक वा लिखित असहमति प्रकट गर्न पाउने छन् तर हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीका निर्णय पालन गर्नुपर्ने" व्यवस्था छ। यसबाट पार्टीको अध्यक्ष केन्द्रीय कमिटी भन्दा माथि हुँदैन भन्ने स्पष्ट छ। तर अयोगले मिति २०७७।९।७ गतेको केन्द्रीय कमिटीको अत्याधिक बहुमत सदस्यले "पार्टीको अनुशासन विपरित कार्य गर्ने अध्यक्ष के.पी. शर्मा ओलीलाई अध्यक्षबाट हटाई वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्ष निर्वाचित गर्ने निर्णयलाई मान्यता नदिई घुमाउरो पाराले अस्वीकार गरेको छ र अध्यक्ष के.पी शर्मा ओलीलाई नै अध्यक्षको मान्यता दिन खोजेको देखिन्छ, जसबाट आयोगले नेपाल कम्युनिष्ट पार्टी (ने क पा)को आन्तरिक मामिलामा हस्तक्षेप गरेको हुन पुगेको छ। नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को बैधानिकता यसको विधानबाट निश्रृत हुन्छ। त्यो विधान आयोगमा अभिलेखिकृत रहेको छ। यसलाई मान्नलाई इन्कार गर्न आयोगले सक्तैन। यस विधान बमोजिम केन्द्रीय कमिटीको ४४१ जना मध्ये २८४ सदस्य उपस्थित रहेको मिति २०७७।९।७ को बैठकबाट अनुशासनहिन कार्य गर्ने अध्यक्ष के.पी. शर्मा ओलीलाई अध्यक्ष पदबाट हटाईएको कुरा र सो को निर्णय पुस्तिका आयोगमा पेश भइसकेको छ। अतः यस निर्णयलाई मान्न इन्कार गर्ने वा सो निर्णयलाई अभिलेखिकरण नगर्ने आयोगको निर्णय नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधानको धारा ६०(क) को (१) र (२) प्रतिकुल रहेको छ।

(४) नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान २०७५ को धारा १८(क) देखि (घ) सम्मले "आगामी महाधिवेशनसम्मको लागि केन्दिय कमिटीमा दुईजना अध्यक्ष, दुईजना वरिष्ट नेता, एकजना महासचिव र एकजना प्रवक्ता रहने छन्" भन्ने व्यवस्था गरेको छ। सो व्यवस्थाले दुईजना अध्यक्षको तलमाथि बरियता घोषित नगरी समान तहमा राखिएको छ। प्रथम र दोस्रो अध्यक्षका वरियता विधान वा कुनै निर्णयमा

कायम गरिएको छैन । मिति २०७७०५।२६ को स्थायी कमिटीको निर्णयले अध्यक्ष मध्येका पुष्पकमल दाहाल 'प्रचण्ड' लाई कार्यकारी अध्यक्ष घोषित गरिएको छ । अतः स्वघोषित प्रथम अध्यक्षको दाबीलाई आयोगले कुन कारण र आधारमा स्वीकार गरेको हो ? भन्ने प्रश्न खडा भएको छ । आयोगको आधिकारिक निर्णयमा प्रथम र दोस्रो अध्यक्ष मानी उल्लेख गर्दा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को आन्तरिक कमिटी प्रणालीमा हस्तक्षेप गरिएको हुन पुगेको अवस्था विद्यमान छ । विधानमा उल्लिखित व्यवस्था र केन्द्रीय कमिटीको निर्णय बाहेक मान्यताको प्रश्न निरुपण गर्दा कुन अध्यक्षले हस्ताक्षर गरी पत्र पठायो भन्ने कुरामा निश्चित प्रयोजनका निम्ति तोकिएको प्रशासनिक कार्यलाई प्रमाणका रुपमा ग्रहण गर्न राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ को (६) ले दिदैन ।

(५) पार्टीको अन्तरिम विधानको धारा १८(ज) को (१) मा "अध्यक्षको परामर्शमा पार्टीका निति निर्णयको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटी समक्ष प्रस्तुत गर्ने कर्तव्य महासचिवलाई तोकिएको छ । त्यसैगरी (२) मा अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी पोलिटव्यूरो र स्थायी कमिटी तथा राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने कार्यसूची तयार पार्ने काम पनि महासचिवलाई तोकिएको छ । यस सम्बन्धमा आयोगले निर्णय गर्दा निम्न भ्रमहरु उत्पन्न भएको देखिन्छ ।

(१) "अध्यक्ष" भन्नाले अध्यक्ष मध्येका के.पी. शर्मा ओलीलाई मात्र बुझ्नुपर्छ भन्ने भ्रम रहेको स्पष्ट देखिन्छ । यस सम्बन्धमा विधानको व्यवस्था स्पष्ट छ । धारा १८(छ) को (८) ले "आगामी एकता महाअधिवेशनसम्मका लागि दुई अध्यक्षले आलोपालो अध्यक्षता गर्ने छन् र अध्यक्षता गर्ने अध्यक्षको बरियता पहिलो हुनेछ र आधिकारिक पत्राचारमा दुवै अध्यक्षको हस्ताक्षर हुनेछ" भनी किटानी व्यवस्था गरेको छ । अतः महासचिवले "अध्यक्षको परामर्शमा" भन्ने वाक्यांशले "अध्यक्ष के.पी. शर्मा ओलीसँगको परामर्शमा" भनी निस्कर्ष निकाल्न आयोगलाई नेपाल कम्युनिष्ट पार्टी (ने क पा)को अन्तरिम विधानको धारा १८(छ) को (८) ले दिँदैन । अतः आयोगले के.पी. शर्मा ओलीलाई 'प्रथम अध्यक्षका रुपमा विना आधार स्वीकार

गरी बैठक बोलाउँदा महासचिवले (अध्यक्ष) के.पी. ओलीसँग परामर्श गरेको हुनुपर्ने ठानी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को २०७७।९।७ को केन्द्रीय कमिटीको बैठकमा 'महासचिवको परामर्श'को अनिवार्यता खोज्ने प्रयास गर्नुलाई 'केवल भ्रम' मात्र मान्नु पर्ने हुन्छ । यस्तो भ्रमका आधारमा निर्णय गर्ने अधिकार आयोगलाई छैन । आयोगले राजनीतिक दल सम्बन्धी ऐनको दफा ४४(६) लाई अक्षरस पालना गर्नुपर्छ ।

(२) अन्तरिम विधानको धारा १८ (क) ले "केन्द्रीय कमिटी दुई महाअधिवेशन विचको सर्वोच्च कार्यकारी संस्था हुनेछ" भनी घोषणा गरेको छ । अत: केन्द्रीय कमिटीको बैठक बस्ने र निर्णय गर्ने यसको 'अधिकार अन्तर्निहित, अवशिष्ट तथा सर्वोच्च अधिकार' हो । बैठक बोलाउने अधिकार 'अध्यक्षमा' अन्तर्निहित अधिकार हो । विधान बमोजिम दुवै अध्यक्षलाई त्यो अधिकार प्राप्त छ, तर बहुमत सदस्यको उपस्थिति मुख्य र अनिवार्य पूर्वशर्त हो । कुनै लोकतान्त्रिक निकायले यसलाई इन्कार गर्न मिल्दैन । अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अध्यक्षता गरेको मिति २०७७।९।७ को बैठकमा ४४१ जना केन्द्रीय सदस्यहरु मध्ये २८४ जना उपस्थित भएबाट केन्द्रीय कमिटीको बैठकमा बहुमत स्थापित भएको छ भने निस्काशित अध्यक्ष के.पी. शर्मा ओलीको अध्यक्षता भएको भनिएको कथित बैठकको कुनै बैधानिकता छैन । अत: यही मूलकारणले 'आयोगले निर्णय गर्दा ग्रहण गरेका' सबै आधारहरु औचित्यहीन, गैरकानुनी तथा गैर संवैधानिक हुन पुगेका छन् ।

(५) मिति २०७७।८।२८ मा नेपाल कम्युनिष्ट पार्टी (ने क पा)को दुवै अध्यक्षको उपस्थितिमा प्रधानमन्त्री निवास बालुवाटारमा स्थायी कमिटीको बैठक बसेको र उक्त बैठकले २०७७।०९।०५ मा स्थायी कमिटी र २०७७।०९।१० मा केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय गरेको थियो । पूर्व निर्धारित पार्टीको स्थायी कमिटीको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको र उक्त बैठकले नै मिति २०७७।०९।१० गते गर्ने भनी तय गरिएको बैठकलाई मिति २०७७।०९।०७ गते गर्ने निर्णय गरेको हुँदा २०७७।०९।०७ गते दुई अध्यक्ष मध्ये कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा भएको बैठक दुवै अध्यक्षको सहमतिमा मिति २०७७।०८।

२८ गते भएको स्थायी कमिटीको निरन्तरता हो । यस विषयमा आयोगको ध्यान पुगेको देखिएन । त्यसैगरी आफैलाई प्रथम अध्यक्ष स्वघोषणा गरी के.पी. शर्मा ओलीले विधान भन्दा माथिको अन्तरनिहित अधिकार आफूमा रहेको भन्ने जस्ता हास्यास्पद र पार्टीको विधान तथा लोकतान्त्रिक मूल्य मान्यताका विरुद्ध गई पार्टी विभाजनको आधारसमेत खडा गरी गरेको पत्राचार सम्बन्धमा समेत निर्वाचन आयोग विमुख भएको देखिन आएको छ ।

(झ) आयोगको निर्णयमा निम्न अन्य गम्भीर त्रुटीहरु रहेका छन् । हामी चाहन्छौं जिम्मेवार संवैधानिक अंगका रुपमा रहेको यस आयोगको निर्णय प्रक्रिया स्वच्छ, निश्पक्ष र तटस्थ भएको देखियोस् ।

(१) के.पी. शर्मा ओलीले मिति २०७७९।७ मा आयोग समक्ष प्रस्तुत गरेको विवरण पत्र (द.नं. ५५९) द्वारा "नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधान २०७५ मा दोस्रो संशोधन पारित प्रस्ताव" भनी समावेश गरेका छन् । उनले यसरी विधान संशोधन गर्ने अधिकार कहाँबाट पाए ? किनकी बहुमत सदस्यले उनलाई समर्थन गरेका छैनन् उनका साथमा नै छैनन् । पार्टीको केन्द्रीय कमिटीको अध्यक्ष पदबाट निस्काशित अध्यक्ष के.पी. शर्मा ओलीले विधानको अवज्ञा र उल्लङ्घन गरेको हुनाले र सो गरेबाट अनुशासनहीन कार्य गरेका छन् । अत: २०७७०९।०७ मा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको केन्द्रीय कमिटीको २८४ जना सदस्यहरुको बैठकले निजलाई हटाउन सक्ने कुरा विधानमा निहित रहेको अधिकार हो । के.पी. शर्मा ओलीले कथित 'प्रथम' अध्यक्षका हैसियतले आफूमा 'अन्तरनिहित अधिकार' भनी २०७७०९।०६ गते विधान संशोधन गरी २०७७०९।०७ गते केन्द्रीय कमिटीको ४४१ को अत्यन्त न्यून संख्यामा रहेका अल्पमत सदस्यहरुको बैठक बसी विधान संशोधन अनुमोदन गर्ने कार्यबाट नीजले पार्टी विभाजन गर्ने वा पृथक पार्टी निर्माण गर्ने मनसाय राखी कार्य गरेको हो भन्ने स्पष्ट हुन्छ । अत: त्यस्ता अध्यक्षलाई अध्यक्षबाट हटाउने र निजको सदस्यता खारेज गर्ने अधिकार पार्टीको केन्द्रीय कमिटीको अधिकार हो भन्ने स्पष्ट छ ।

(२) उनले प्रस्तावित गरेको विधान संशोधनमा विधानको धारा १८(घ) को खण्ड (१) मा रहेको ४४१ सदस्यीय केन्द्रीय कमिटीमा ११९९

सदस्यीय केन्द्रीय कमिटी राखिएको छ भनी उल्लेख छ । आयोगको निर्णयमा विधानको यो संशोधनलाई स्वीकार नगर्ने कुरा उल्लेखित भएपनि, त्यसबाट नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का बहुमत पदाधिकारी र केन्द्रीय कमिटी सदस्यहरुलाई 'निरंकुशतापूर्वक' बेहक गर्न खोजीएबाट स्थापित 'विधान उल्लंघन' को अनुचित कार्यलाई रोक्ने उपायका बारेमा कुनै सरोकार नराखी त्यसका बाबजुद निजलाई 'प्रथम अध्यक्ष' को हैसियत स्वीकार गर्ने जस्तो आयोगको निश्कर्ष बस्तुनिष्ट देखिएन ।

(६) अत: आयोगले निम्न तथ्यलाई ध्यानमा राखी न्यायिक मनको प्रयोग गरी निर्णय गर्नु पर्ने अवस्था छ:

(क) केन्द्रीय कमिटीमा बहुमत पदाधिकारीका मिति २०७७१९।७ मा अनुशासनहीन तथा विधान विपरित कार्य गर्ने अध्यक्ष के.पी. शर्मा ओलीलाई निस्काशन गर्ने निर्णयमा सहमति रहेको छ । केन्द्रीय कमिटीको यो निर्णय वमोजिम के.पी शर्मा ओलीलाई अनुशासनको कारबाही भै अध्यक्ष पदबाट हटाई वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्षमा चयन गरिएको अभिलेख गर्नु पर्ने कानूनी दायित्व आयोगलाई छ ।

(ख) स्थायी कमितिको ४५ जना मध्ये २७ जना सदस्यको उपस्थितिले नीजलाई निस्कासन गर्ने निर्णयमा सहमति जनाई केन्द्रीय कमिटीमा प्रस्ताव गएको अवस्था छ ।

(ग) केन्द्रीय कमिटीका ४४१ जना सदस्य मध्ये हाल कायम रहेको ४२९ को झण्डै दुईतिहाइ बहुमतले नीजलाई पार्टी अध्यक्ष पदबाट निस्काशन गर्ने निर्णयमा गरेका छन् ।

(७) अत: उपरोक्त बमोजिम नीजलाई अध्यक्षबाट निस्काशित गरेपछि, वरिष्ठ नेता माधव कुमार नेपाललाई अध्यक्षमा निर्वाचित गरेको अवस्था रहेको छ । विधिवत निर्णय गर्ने केन्द्रीय कमिटीको निर्णयलाई अभिलेख गर्नुपर्ने दायित्व आयोगलाई छ । उल्लेखित तथ्यगत विवरणका आधारमा निर्वाचन आयोगले बहुमत पदाधिकारी तथा बहुमत केन्द्रीय सदस्य कायम रहेको, अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपालको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को मिति २०७७१०९।०५ गतेको स्थायी कमिटीको पूर्व निर्णय तथा २०७७१०९।०७ र २०७७१०९।०९ गतेको केन्द्रीय कमिटीको बैठकको निर्णय बमोजिम आयोगमा

दलको विवरण अध्यावधिक गर्न तथा अभिलेखिकरण गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएका कागजातका अतिरिक्त मिति २०७७।१०।१९ को केन्द्रीय कमिटीको निर्णय समेतको आधारमा संविधानको धारा २६९, २७० तथा २७१ एवम् राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ का उपदफा (१) (२) (३) (४) र (५) अनुरुपका प्रक्रिया र खासगरी सोही दफाको उपदफा (६) बमोजिम "दाबी पेश गर्नु अघि अर्थात दुवै पार्टी एकता भै एकता गर्ने दुवै दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट आयोगमा पेश भएको अर्थात् पार्टी एकता हुँदाका अवस्थामा भएको सम्झौतापत्र, घोषणापत्र, अन्तरिम विधान, पार्टीको राजनीतिक प्रतिवेदन तथा विधान बमोजिम गठन भएको केन्द्रीय कमिटीका पदाधिकारी सहितका ४४१ केन्द्रीय सदस्यहरु मध्य बहुमत केन्द्रीय कमिटी सदस्य रहेको" निवेदकहरु अध्यक्ष कायम भै नेतृत्व गरिरहेको यस नेपाल कम्युनिष्ट पार्टी (ने क पा) लाई आधिकारिक राजनीतिक दलको मान्यता पाउने ठहऱ्याई, यस पार्टीको मिति २०७७।०९।०७ को उल्लेखित निर्णय बमोजिम नीज तत्कालिन अध्यक्ष के.पी. शर्मा ओलीलाई नेपाल कम्युनिष्ट पार्टी (ने क पा) अध्यक्ष तथा सम्पूर्ण जिम्मेवारीबाट हटाई निस्काशन भै सकेको ठहर गरी यस दलको मिति २०७७।०९।०७ को निर्णय बमोजिम उक्त रिक्त अध्यक्ष पदमा बरिष्ठ नेता माधव कुमार नेपाललाई चयन गरी मिति २०७५।०२।०३ गतेको पार्टी घोषणा हुँदा पेश दाखील भएको पार्टीको, अन्तरिम विधान, लोगो, चुनाव चिन्ह, राजनैतिक प्रतिवेदन, घोषणापत्र, रिक्त अध्यक्ष पदको पूर्ति भएको विवरण आयोगको दल दर्ता कितावमा राजनैतिक दल सम्वन्धी ऐन २०७३ को दफा ५१ तथा राजनैतिक दल सम्वन्धी नियमावलीको नियम २०७४ को नियम २५ वमोजिम विवरण अमिलेखीकरण तथा कायम गरि पाऊँ ।

(८) आयोगले उपरोक्त बमोजिम निर्णय गर्दा निम्न व्यवस्थालाई अनिवार्य रुपमा ग्रहण गर्नुपर्ने हुँदा सो गरीपाउँ :

(क) संविधानको धारा २६९ को उपधारा (३) मा उल्लिखित "राजनीतिक दलको विधान" को सर्वोच्चताको सिद्धान्त ।

(ख) राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा १० को उपधारा (१), (२) र (५) मा उल्लिखित दल एकीकरणकालागि आवश्यक सम्झौतामा रहेका व्यवस्थाको मान्यता ।

(ग) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४(१) ऐजन ऐनको दफा १५(१), दफा १८(१), दफा १९(१) दफा २४(३), दफा ३१ (१) दफा ४३, र दफा ५५ (१) तथा (२) मा भएका व्यवस्थाको कार्यान्वयन।

(घ) नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को अन्तरिम विधानको धारा ११ (क) को (३), धारा १६, धारा १८, धारा ३३, धारा ४७ (ख), धारा ४८ (क) ३, धारा ४९ (क), धारा ६०, धारा ६१ (क) धारा ६२, धारा ६४, ६५।

(ङ) नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को एकता सम्झौतापत्रका व्यवस्थाहरुको मान्यता।

(च) दुई पूर्व पार्टी एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (ने क पा)मा एकताबद्ध भईसकेपछि तिनको अस्तित्व समाप्त भईसकेको कुरा निर्विवाद नै छ।

(९) संलग्न कागजहरु :

१. मिति २०७५।०२।०३ गते पार्टी एकता हुँदा पेश गरेका पार्टीको विधान, प्रतिवेदन, घोषणापत्र, केन्द्रीय कमिटीको पहिलो बैठकको निर्णय लगायतका सक्कल अभिलेख सहितको कागजातको फाईल त्यस आयोगमा छ, बुझिपाऊँ।

२. पार्टी एकता हुँदाको ४४१ केन्द्रीय कमिटी सदस्य, स्थायी कमिटी सदस्य र केन्द्रीय सचिवालय सदस्यको नामावली त्यस आयोगमा अभिलिखित छ।

३. यस दलको स्थायी कमिटीले के.पी. शर्मा ओलीलाई अनुशासनको कारबाही मागी केन्द्रीय कमिटी समक्ष गरेको सिफारिश तथा मिति २०७७।०९।०७ मा सम्पन्न केन्द्रीय कमिटीको तेस्रो बैठकको निर्णय त्यस आयोगमा विवरण हेरफेरको लागि मिति २०७७।०९।०८ र २०७७।०९।१० मा पेश गरिसकिएको छ। साथै राजनीतिक दल सम्बन्धी नियमावली २०७३ को नियम २५ द्वारा निर्दिष्ट अनुसूची १८ अन्तरगत पेश गरेको विवरण यसै आयोगमा छ बुझिपाऊँ।

४. पार्टी केन्द्रीय कमिटीका ४४१ सदस्यहरु मध्ये ४ जनाको मृत्यु भएको, ८ जनाले पार्टी सदस्यताबाट समेत राजिनामा दिएकोमा स्वीकृत भइसकेको, हाल कायम रहेको संख्या ४२९ त्यस कार्यालयमा अभिलेखिकरणका लागि मिति २०७७।९।१५ गते यसै आयोगमा पेश गरिसकिएको छ, बुझिपाऊँ।

५. २०७७।०९।०९ गते बसेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकका निर्णयहरु यसैसाथ संलग्न गरिएको छ।

६. मिति २०७७।१०।१९ को केन्द्रीय कमिटीको चौथो बैठकको निर्णयहरु यसैसाथ पेश गरिएको छ।

७. पार्टी एकता भई मिति २०७५।०२।०३ मा त्यस आयोगमा पेश भई कायम रहेका केन्द्रीय कमिटी सदस्यको विवरण यसै आयोगमा अभिलेखिकरण भइसकेको छ ।

८. मिति २०७७।१०।१९ को केन्द्रीय कमिटीको चौथो बैठकमा उपस्थित केन्द्रीय कमिटी सदस्यहरुको हस्ताक्षर यसैसाथ पेश गरेका छौं ।

९. "अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यकारी अधिकारसहित पार्टीका बैठकहरूको सञ्चालन, निर्णयहरूको कार्यान्वयन र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रित हुने"- भन्ने अन्तरपार्टी निर्देशन-५ यसैसाथ पेश गरिएको छ ।

१०. त्यस आयोगबाट मिति २०७७।१०।१२ को पत्रको प्रतिलिपि यसैसाथ संलग्न रहेको छ ।

११. हाम्रा तर्फबाट नियुक्त भई त्यस आयोगमा सुनुवाईको क्रममा बहस पैरवी गर्ने कानून व्यवसायीहरुले गर्ने बहसलाई यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

१२. व्यहोरा साँचो छ, झुठा ठहरे कानून बमोजिम सहूँला, बुझाउँला ।

निवेदक

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष

माधव कुमार नेपाल
अध्यक्ष

इति सम्वत् २०७७ साल माघ २० गते रोज ३ शुभम् ..............................